ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

20 YEARS REDRESS
Ending Torture, Seeking Justice for Survivors

# नेपालमा संस्थागत रुपमै यातना दिइन्छ : अन्तर्राष्ट्रिय प्रतिवेदन

५ मंसिर २०६९ : यातनाविरुद्धको महासन्धिको कार्यान्वयनको अवस्था अनुगमन गर्न बनेको जेनेभास्थित संयुक्त राष्ट्रसंघीय विशेषज्ञहरुको यातनाविरुद्धको समितिले नेपालमा संस्थागत रुपमै यातना दिने गरेको जनाएको छ ।

'सम्बन्धित निकायले सप्रमाण यातनाको उजुरीमाथि कारबाही गर्न असक्षम मात्र भएको छैन, पीडकलाई संरक्षण गर्ने नीतिले पीडकहरुलाई अझ प्रोत्साहित गरेको छ ।' छ बर्षको अध्ययनपछि समितिले निकै संवेदनशील प्रतिवेदन प्रकाशित गर्दै भनेको छ । यो प्रतिवेदन २०११ को मे महिनामा ग्रहण गरिए पनि हालै मात्र सार्वजनिक गरिएको हो ।

'यातना रोकथाम गर्न राजनीतिक ईच्छा शक्ति चाहिन्छ, नेपालमा सरकारी निकायहरुले यातनालाई वेवास्ता गर्दै आएका छन् ।' प्रतिवेदनका विषयमा एडभोकेसी फोरमकी अध्यक्ष मन्दिरा शर्माको टिप्पणी छ- 'एडभोकेसी फोरमले बर्षौंदेखि उठाउदै आएको आवाजलाई विशेषज्ञहरुको प्रतिवेदनले पुष्टि गरेको छ । ।'

सन २००६ को नाभेम्बरदेखि समितिले गोप्यरुपमा नेपालमा भइरहेको यातनाको अध्ययन गरेको थियो । सन २००९ मा औपचारिक रुपमै शुरुवात गर्दै समितिले सन २०१० मा नेपाल भ्रमण गर्ने अनुमति माग्यो । तर, नेपाल सरकारले अध्ययनका लागि अनुमति दिन अस्वीकार गरेको थियो । एडभोकेसी फोरम र रिड्रेसले मार्च २०१० मा समितिलाई नेपालमा भइरहेको संस्थागत यातना र अनुसन्धान, अभियोजन र क्षतिपूर्तिमा नेपालले आफ्नो दायित्व पूरा नगरेको भनी प्रतिवेदन बुझाएको थियो । जुन समितिले आफ्नो प्रतिवेदनको निष्कर्षमा पुग्न प्रयोग गरेको छ ।

नेपालले प्रमाण हुँदाहुदै तथा अदालतले जिम्मेवारी किटान गरेपनि यातनाका घटनाहरुलाई अभियोजन गर्न नसकेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तैगरी प्रतिवेदनले नेपालमा नक्कली थुनुवा रेकर्ड, रजिष्टर, २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई व्यक्तिलाई गैरकानुनी थुनामा राख्ने र प्रहरीले जनताको निवेदन दर्ता गर्न अस्विकार गर्ने परिपाटीको उजागर गरेको छ ।

समितिका अनुसार थुनुवाहरुको स्वतन्त्र फिजिसियनवाट स्वाथ्य जाँच उपलब्ध गराउन नसकेको, न्यायाधिशहरुले यातनावाट प्राप्त स्विकारोक्तिलाई कानूनी प्रक्रियावाट हटाउन नसकेको र यातना तथा गैरन्यायीक हत्यामा संलग्नअधिकारीहरुको पदोन्नती रोक्ने वा

निलम्बन गर्न अस्विकार गर्ने कुराहरुलाई नियन्त्रण गर्न नेपाल असक्षम रहेको छ । समितिले नेपालमा व्यापक रुपमा यातना विद्यमान रहेको उल्लेख गरेको छ ।

नेपाल सरकारले पीडक प्रहरी अधिकारीहरुलाई पदोन्नती रोकुवा, सेवावाट बर्खास्त, घटुवा, ग्रेड रोकुवा र निलम्बन जस्ता विभागिय कारबाही गरिएको विषयलाई प्रतिवेदनमा उदाहरणका रुपमा प्रस्तुत गरिएको छ ।

'नेपाल सरकार यस अपराधको गहनता बुझ्नै चाहन्न । सरकारले यातना जस्ता जघन्य अपराधमा घटुवा वा निलम्बन जस्ता विभागिय कारबाहीको सुझावदिनु पुर्ण कारबाही मान्नु राजनीतिक इच्छाशक्तिको कमी प्रष्ट हुन्छ ।'- एडभोकेसी फोरमकी अध्यक्ष मन्दिरा शर्मा भन्छिन ।

'अन्तर्राष्ट्रिय कानूनले यातनालाई जघन्य अपराध मानेको छ । र, वास्तवमा यस्ता अपराधमा संलग्नलाई संसारको जुनसुकै ठाउँमा पनि अभियोजन गर्न सकिन्छ । नेपालले यातना विरुद्धको महासन्धिलाई अनुमोदन गरिसकेको छ । यातना रोकथाम गर्नु र पीडकलाई दण्डित गर्नु नेपालको दायित्व हो जुन दायित्व पुरा नगरेको यस प्रतिवेदनले उजागर गरेको छ ।' रिड्रसका कार्यकारी निर्देशक डेडीमस हेले भन्छन ।

समितिले गुनासाहरु उपर तुरुन्त छानविन, यातनाको अपराधीकरण र शंकास्पद पीडकमाथि छानबिनको प्रतिवेदनन आएसम्मको लागि निलम्बन र शान्ति सेनामाभाग लिनवाट रोक लगाउनु पर्ने लगायत १६ वटा सुझावहरु दिएको छ । यसले यातनामा हदम्याद तोकिनु नहुने र नाबालकहरुलाई उनीहरुको उमेर र बाल बिज्याईको गम्भिरता अनुसार छुट्टै थुनाको व्यवस्था गरिनुपर्ने सुझाव दिएको छ ।

'हामी सरकारलाई समितिले दिएको सुझाव तुरुन्तकार्यान्वयन गर्न आग्रह गर्दछौं । संसद नभएको अवस्थामा पनि यातना रोकथाम, छानविन र सजायका लागि धेरै काम गर्न सकिन्छ ।' हेले भन्छन ।

अन्य जानकारीका लागि एडभोकेसी फोरमकी अध्यक्ष मन्दिरा शर्मालाई ९८५१०४८४७५
**रिड्रसकी इभा सन्चिसलाई eva@redress.org वा +44 (0) 2077931719मा सम्पर्क गर्नुहोला ।**

पुर्ण प्रतिवेदनकालागि हेर्नुहोस
http://www2.ohchr.org/english/bodies/cat/docs/Art20/NepalAnnexXIII.pdf